मिति २०८१/०५/११ गते बसेको तेस्रो गाउँ कार्यपालिका बैठकको उपस्थिती

मनहरी गाउँपालिका

गाउँकार्यपालिकाको बैठक

मिति २०८१/०५/११ बैठक संख्या : २०८१/०८२-०३ समय : विहान ८: ०० बजे

अध्यक्षता : गाउँपालिका अध्यक्ष श्री रन्जन कालाखेती स्थान : मनहरी गाउँपालिको कार्यालय, लामिटार

## उपस्थिति

| क्र.स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री रन्जन कालाखेती | गाउँपालिका अध्यक्ष | |
| २ | श्री सिता पुलामी मगर | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री राजकुमार पाखिन | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री अनन्त प्रकाश अर्याल | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री प्रकाश थापा | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री दिपेन्द्र अधिकारी | ५ नं.वडा अध्यक्ष | |
| ८ | श्री युव राज थपलिया | ६ नं.वडा अध्यक्ष | |
| ९ | श्री ठाकुर राम तितुङ | ७ नं.वडा अध्यक्ष | |
| १० | श्री नारायण उप्रेती | ८ नं.वडा अध्यक्ष | |
| ११ | श्री राज कुमार श्रेष्ठ | ९ नं.वडा अध्यक्ष | |
| १२ | श्री सविता सुवेदी | कार्यपालिका सदस्य | |
| १३ | श्री सेती माया तामाङ | कार्यपालिका सदस्य | |
| १४ | श्री राम माया नगरकोटी | कार्यपालिका सदस्य | |
| १५ | श्री मिरा खत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री कान्छी माया वोट | कार्यपालिका सदस्य | |
| १७ | श्री चतुर कुमार सुनार | कार्यपालिका सदस्य | |

श्री रमेश सुवेदी प्रमुख प्रशासकीय अधिकृत

आमन्त्रित/बैठक सहयोगी

श्री अन्जना सुवेदी प्रशासन शाखा प्रमुख

मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रजैया, मकवानपुर ... नेपाल

Scanned with CamScanner

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

२०८१ भदौ ११ गते बसेको गाउँ कार्यपालिकाको तेस्रो बैठकको प्रस्तावका विषयहरु :

१. समीक्षा सम्बन्धमा ।
२. स्टक प्रमाणित गर्न जिल्ला समन्वय समितिमा सिफारिस गर्ने सम्बन्धमा ।
३. दुध बिक्रिमा अनुदान कार्यक्रम कार्यविधि २०७६ संसोधन सम्बन्धमा ।
४. विपद् व्यवस्थापन सम्बन्धमा ।
५. गाउँपालिकाको प्रतिक चिन्ह सम्बन्धमा ।
६. आर्थिक सहायता माग भई आएको सम्बन्धमा ।
७. गाउँ शिक्षा योजना निर्माण समिति गठन गर्ने सम्बन्धमा ।
८. गाडी मर्मत सम्बन्धमा ।
९. रकम फिर्ता सम्बन्धमा ।
१०. आयोजना प्राथमिकिकरण सम्बन्धमा ।
११. पदपुर्ती सम्बन्धमा ।

निर्णयहरु :

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस अधिको कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको प्रगति तथा शिक्षा, भौतिक पूर्वाधार, आर्थिक विकास शाखा तथा नगर प्रहरी ईकाइ लगायतका शाखाहरुको कामको प्रगति समिक्षा गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा मनहरी गाउपालिका भित्रका क्रसर उद्योग तथा सप्लायर्सहरुले पेश गरेकोविवरण अनुसार आ.व. २०८०/८१मा मनहरी खोलाबाट उत्खनन् भई क्रसर उद्योग तथा सप्लायर्सहरुमा भण्डारण भएको तथा बिक्री भई बाकीँ रहेको तपसिल अनुसारको स्टक विवरण आवश्यक नापजाँच गरी स्टक प्रमाणित गर्न जिल्ला समन्वय समिति मकवानपुरमा पठाउने साथै मनहरी क्रसर उद्योग प्रा. लि. मनहरी -८ ले बुझाउनु पर्ने जरिवाना मध्ये रु ३६,१७,३०४.६७ ( छत्तीस लाख सत्र हजार तिन सय चार रुपैँया सठसठ्ठी पैसा ) हाल सम्म पनि नबुजाएकोले उक्त रकम असुल गर्न कानूनी प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

तपसिल :

**नदीजन्य पदार्थ व्यवसाय गर्ने उद्योगी/सप्लायर्सहरुवाट प्राप्त कारोवार सम्वन्धी विवरण**

आ.ब. २०८०/०८१

इकाईः- घनमिटर

| सि. नं. | प्रशोधन उद्योग/सप्लायर्सको नाम | ०८०/०८१ को सुरु मौज्दात | २०८०/०८१मा भएको खरिद विवरण | | | जम्मा स्टक परिमाण | वार्षिक विक्री परिमाण | बाँकि परिमाण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | यस पालिका | अन्य पालिका | अन्यत्रवाट | | | | |



मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ठेगाना, मकवानपुर
बागमती प्रदेश, नेपाल

रन्जन कालाखेती
अध्यक्ष

Scanned with CamScanner

२०८१ भदौ ११ गते बसेको गाउँ कार्यपालिका बैठकको निर्णयहरु

रमेश सुवेदी
प्रमुख प्रशासकीय अ

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | सन्तोषि वालुवा उद्योग | १५४७.२० | १५०००.०० | ०.०० | ०.०० | १६५४७.२० | ५९२६.०० | १०६२१.२० | |
| २ | जय मनहरी वालुवा उद्योग | १७११.४३ | २४००.०० | ०.०० | ०.०० | ४१११.४३ | १८६०.०० | २२५१.४३ | |
| ३ | बर्तौला बालुवा उद्योग | १६७४.४० | ६९६.०० | ०.०० | ५०४.०० | २८७४.४० | २३७५.०० | ४९९.४० | |
| ४ | कामना क्रसर उद्योग | ६९३०.२१ | ४५०६०.०० | ०.०० | १२०००.०० | ६३९९०.२१ | ४०५२६.०० | २३४६४.२१ | |
| ५ | चतुर्मुखी क्रसर उद्योग | ५३०३४.७४ | ६००००.०० | २३०००.०० | ६७३५.०० | १४२७६९.७४ | ८५७०६.०० | ५७०६३.७४ | |
| ६ | जनसेवा क्रसर उद्योग | २३५८९.७३ | ३२२८०.०० | ०.०० | ३५००.०० | ५९३६९.७३ | ३५०४८.०० | २४३२१.७३ | |
| ७ | ओम शान्त वालुवा उद्योग | १९९५३.८६ | १९५५२.०० | ०.०० | ०.०० | ३९५०५.८६ | १५५७५.०० | २३९३०.८६ | |
| ८ | स्वस्तिक क्रसर उद्योग | २१८२३.१६ | ३६०२०.०० | ०.०० | ०.०० | ५७८४३.१६ | ५१९५६.०० | ५८८७.१६ | |
| ९ | आफ्नै वालुवा उद्योग | ३४६७.७५ | १६८१२.०० | ०.०० | ०.०० | २०२७९.७५ | १३११४.०० | ७१६५.७५ | |
| १० | सिम्पानी वालुवा उद्योग | १०२९.८४ | ०.०० | | | १०२९.८४ | | १०२९.८४ | |
| ११ | दाङसिङ वालुवा उद्योग | १२९५.७५ | १२००.०० | ६०००.०० | ४३०८.०० | १२८०३.७५ | १२२०४.०० | ५९९.७५ | |
| १२ | मनहरी क्रसर उद्योग | ६८२३.६१ | ०.०० | ०.०० | २००९१.९८ | २६९१५.५९ | २४६३९.०० | २२७६.५९ | जरिवाना तोकिएकोमा हाल सम्म असुल उपर नभएको |
| १३ | दुर्गालक्ष्मी उद्योग | ७०३.१५ | ७६८.०० | ०.०० | ०.०० | १४७१.१५ | ५५२.०० | ९१९.१५ | |
| १४ | दारिमवास बालुवा वासिङ | १२३९९.६६ | १००००.०० | ०.०० | ०.०० | २२३९९.६६ | ७२५४.०० | १५१४५.६६ | |

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया,मकवानपुर
वागमती प्रदेश,नेपाल

रन्जन कालाखेती
अध्यक्ष

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १५ | डि आर डि निर्माण सेवा | १९६३०.०० | ०.०० | ०.०० | ०.०० | १९६३०.०० | ४४७.०० | १९१८३.०० | |
| १६ | त्रिमुर्ति एग्रिगेट | १६६२५.०० | ०.०० | ०.०० | ०.०० | १६६२५.०० | ५३२८.०० | ११२९७.०० | |
| १७ | जम्मा | १९२२३९.४९ | २३९७८८.०० | २९०००.०० | ४७१३८.९८ | ५०८१६६.४७ | ३०२५१०.०० | २०५६५६.४७ | |

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा मनहरी गाउँपालिकाको दुध विक्रिमा अनुदान कार्यक्रम कार्यविधि, २०७६ (पहिलो संशोधन), २०८१ स्वीकृत गरियो।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा मनहरी गाउपालिका वडा नं. ३ वडा कार्यालयको सिफारिस तथा ईलाका प्रहरी कार्यालय नेवारपानीबाट भएको प्रहरी मुचुल्का अनुसार यस बर्षको असार/साउनमा परेको अविरल बर्षाका कारण आ.व. ०८०/८१ मा विनियोजित बजेटबाट निर्माण सम्पन्न भएको वडा नं. ३ हाडीँखोला ड्यामको केहि भागमा क्षति पुर्याएको जानकारी प्राप्त भयो।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा मनहरी गाउँपालिकाको मिति २०८१/०२/०१ गते प्रकाशित सूचना अनुसार निर्धारित समयाबधिमा ( (१) मिति २०८१/०२/२१ गते प्रदिप ढकाल, मनहरी-१, मकवानपुर (२) मिति २०८१/०२/३० गते जय बहादुर जि. टी., अर्जुन चौपारी गाउँपालिका – ६, स्याङ्जा) प्राप्त गोलो डिजाईनमा छलफल गरियो र प्राप्त दुवै प्रतिक चिन्ह अस्वीकृत गरी पूर्व निर्धारित पुरस्कार राशीमा आ.व. ०८१/८२ मा विविध शिर्षकमा विनियोजित रकम मध्येबाट थप १५ हजार गेरर जम्मा रु २५ हजार (कर सहित) पुरस्कार राशी कायम गर्दै पुन: २१ दिने सूचना प्रकाशन गर्न गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा गाउँपालिकासँग अनुसुचि- १ बमोजिमको विभिन्न निकाय/संघ/संस्था तथा व्यक्तिबाट विभिन्न प्रयोजनको लागि आर्थिक सहयोग तथा तत्काल नगरी नहुने योजना माग भई आएकोमा अनुसूचिमा उल्लेखित शीर्षकबाट रकम उपलब्ध गराउने गरी आर्थिक सहायता/ योजना कार्यान्वयन गर्ने निर्णय गरियो।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा मनहरी गाउँपालिकाको गाउँ शिक्षा योजना निर्माण गर्न देहाय बमोजिमको ७ (सात) सदस्यीय शिक्षा योजना निर्माण समिति गठन गर्ने निर्णय गरियो।

तपसिल :

१. गाउँपालिका अध्यक्ष : संयोजक
२. गाउँपालिका उपाध्यक्ष : सदस्य
३. प्रमुख प्रशासकीय अधिकृत : सदस्य
४. सामाजिक विकास समिति संयोजक : सदस्य
५. गाउपालिका भित्रका उच्च तह संचालित विद्यालयका प्र. अ. हरु मध्ये समितिबाट मनोनित एक जना : सदस्य
६. स्रोत शिक्षक : सदस्य

मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रजैया, मकवानपुर

रन्जन कालाखेती
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधि

७. शिक्षा शाखा प्रमुख : सदस्य सचिव

समितिले आवश्यकता अनुसार सम्बन्धित विषय विज्ञलाई आमन्त्रित गर्न सक्नेछ ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा मिति २०८०/०३/२२ गते योजना अनुगमन गर्न जाने क्रममा एक्कासी खहरे ठाडो खोला बढेकाले गाडि खोला वीचमा नै बन्द भई स्टार्ट पनि बन्द भएको भन्ने व्यहोरा सहितको प्रतिवेदन पेश हुन आएकोले गाडी नं. बा १ झ ८९६० को गाडी मर्मत गरी संचालन गर्ने निर्णय गरियो ।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा विकासका लागि सहयोग र सहकार्य, नेपालको नामबाट मिति २०८१/०३/३१ गते गाउँपालिकाको आन्तरिक राजश्व खाता नं. ०६२०१०००००००२२०२ मा रु ३,००,०००/- (तीन लाख) भुलबस जम्मा भएको भनि संस्थाको निवेदन प्राप्त भएको र मनहरी गाउँपालिको आन्तरिक राजश्व खाताको बैङ्क स्टेटमेन्ट पत्रमा समेत रकम दाखिला भएको देखिएकोले भुलबस दाखिला भएको रकम जम्माकर्ताकै नाममा गाउँपालिका चालुतर्फको राजश्व फिर्ता शिर्षकबाट रकम फिर्ता गर्ने निर्णय गरियो।

१०.प्रस्ताव नं. १० माथि छलफल गर्दा वडागत सिलिङ बजेटका योजना तथा कार्यक्रम प्राथमिकताका आधारमा पहिलो, दोस्रो र तेस्रो चौमासिक अबधिको कार्ययोजना निर्माण गरेर मात्र कार्यान्वयन गर्न वडा कार्यालयहरुलाई लेखी पठाउने निर्णय गरियो ।

११. प्रस्ताव नं. ११ माथि छलफल गर्दा सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण गर्ने गरी गाउँपालिकामा सेवा ईकाई संचालनको लागि आवश्यक जनशक्ती मध्ये यम.आई. एस अपेरेटर पद रिक्त रहेकोले सेवा ईकाईको लागि जनशक्ति छनौट सम्बन्धी मापदण्ड, २०७६ बमोजिम पदपुर्ती गर्ने निर्णय गरियो ।

उपरोक्त निर्णयहरु सर्वसम्मत रुपमा पारित गरियो ।

रन्जन कालाखेती
अध्यक्ष

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया,मकवानपुर
बागमती प्रदेश,नेपाल



Scanned with CamScanner